स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: २०७९।८०
च.नं. :

मिति: २०८०।०३।१७

### ध्यानाकर्षण सम्बन्धमा

हेलम्बु गाउँपालिकाको वडा नं. ६ स्थित इचोक गाँउको नाम उल्लेख गरी **<u>मानब बेचबिखनले बदनाम इचोक गाउँको परिचय बदलियो</u>** भन्ने शीर्षकमा SUTRA NEWS AND VIEWS टेलिभिजनमा प्रसारण गरिएको समाचारप्रति हेलम्बु गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ।

राज्यको महत्वपूर्ण अंगको रुपमा मानिने पत्रकारिता तथा सञ्चार जगतले सत्यतथ्य र आधारहीन समाचार बनाई टेलिभिजन मार्फत प्रसार गर्नु अत्यन्त खेदजनक कुरा हो। यसरी कपोलकल्पित समाचार बनाई कुनै गाउँ, समाज तथा स्थानको सामाजिक ऐक्यबद्धता, सद्भाव, सहिष्णुता, सदाचारिता र इमान्दारिता एवं प्रतिष्ठामाथि आँच आउने र खलल पुर्याउने गतिविधि कत्ति पनि सह्य हुनेछैन। यस्तो कपोलकल्पित समाचार निर्माण गरी गाउँ तथा स्थानीयबासीको इमान र प्रतिष्ठा प्रति बदनाम गर्ने उद्देश्यले टेलिभिजनमा प्रसारण गर्ने जो कोहीलाई पहिचान गरी कानूनी दायरामा ल्याई कारबाही गर्न समेत गाउँपालिका सम्बन्धित निकायमा पहल गर्नेछ।

साथै आगामी दिनमा गाउँपालिकाको कुनै पनि स्थान तथा स्थानीयबासीहरुको सन्दर्भमा गलत र आधारहीन समाचार निर्माण तथा प्रसारण नगर्न नगराउन र गाउँपालिका तथा वडाको जनप्रतिनिधि एवं स्थानीयबासीहरुसँग सत्यतथ्य बुझेर मात्र सही समाचार प्रेषित गर्न कुनै पनि मिडिया तथा सञ्चारजगतलाई गाउँपालिका गम्भिर ध्यानाकर्षण गराउँदछ।

विनोद राज खनाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत